# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत २५ गते २०३८ साल (अतिरिक्ताङ्क ६९ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम २०३९ साल वैशाख १ गतेदेखि प्रारम्भ हुने गरी देहायका व्यक्तिहरूलाई देहायबमोजिम नियुक्ति तथा सरूवा गरिबक्सेको छ।

१. पश्चिमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री हिरण्यश्वरमान प्रधानलाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा सरूवा।

२. पूर्वाञ्चल क्षेत्रीय अदालतका अस्थायी न्यायाधीश श्री अरविन्दनाथ आचार्यलाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा तीन वर्षको लागि अतिरिक्त न्यायाधीशमा नियुक्ति।

३. क्षेत्रीय अदालतका अस्थायी न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठलाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा तीन वर्षको लागि अतिरिक्त न्यायाधीशमा नियुक्ति।

साथै, मौसूफबाट उपर्युक्त अतिरिक्त न्यायाधीशहरूलाई पारिश्रमिक तथा अन्य सुविधा क्षेत्रीय अदालतका अन्य न्यायाधीशहरूले पाएसरह पाउने व्यवस्था गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित

६४५